# नेपाल राजपत्र

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

काठमाडौं, वैशाख १४ गते २०३३ साल

श्री ५ को सरकार

### खाद्य, कृषि तथा सिचाइ मन्त्रालयको

### सूचना

जग्गा प्राप्ति ऐन, २०१८ को दफा ७ को उप–दफा (१) ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले परवानीपुर नहर डिभिजन अन्तर्गत नहरको निमित्त दुधौरा-नदीमा बाँधको लागि नारायणी अञ्चल, बारा जिल्लाको भवानीपुर, जीतपुर गाउँ पञ्चायत वडा नं. ६ को निम्नलिखित जग्गा प्राप्त गर्ने निर्णय भएकोले सम्बन्धित जग्गाधनीले जग्गाको मोल र अरू नोक्सानी बापत यस ऐन र जग्गा प्राप्ति नियमहरू, २०२६ बमोजिम क्षतिपूर्ति पाउने हुंदा यो सूचना प्रकाशित गरिएको छ।

पूर्व पुष्पलाल राजभण्डारीको जग्गा, पश्चिम दुधौरानदी, उत्तर वसडिल गाउँ सिमाना, दक्षिण मदन विनोदको जग्गा यति ४ किल्लाभित्रको कित्ता नं. ५०२ को मालपोत रू. २१।८० (एक्काईस रूपैयाँ असी पैसा) लागेको जग्गा विगहा ०–८–११ (आठ कट्ठा एघार धुर) को पूरै कित्ता।

पूर्व पुष्पलाल राजभण्डारीको जग्गा, पश्चिम दुधौरानदी, उत्तर ठाकुरप्रसादको जग्गा, दक्षिण चण्डीदेवीको जग्गा यति ४ किल्लाभित्रको कित्ता नं. ५०३ को मालपोत रू. २९।२० (उनन्तीस रूपैयाँ बीस पैसा) लागेको जग्गा विगहा ०–११–९ (एघार कट्ठा नौ धुर) को पूरै कित्ता।

आज्ञाले–
दीर्घराज कोइराला
श्री ५ को सरकारको सचिव

395



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

मुद्रण विभाग, सिंहदरबार

520

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।